आज मिति २०७५ साल असोज २१ गते रामेछाप नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री नर बहादुर थापा मगरज्यूको अध्यक्षतामा बसी देहायका विषयहरुमा छलफल एवं निर्णयहरु भयो ।

उपस्थिति

१. नगर प्रमुख श्री नर बहादुर थापा मगर
२. नगर उप प्रमुख श्री श्रृजना खड्का
३. वडा नं. १, वडा अध्यक्ष श्री नर बहादुर थापा क्षेत्री
४. वडा नं. २, वडा अध्यक्ष श्री निर बहादुर श्रेष्ठ
५. वडा नं. ३, वडा अध्यक्ष श्री भूपाल राज श्रेष्ठ
६. वडा नं. ४, वडा अध्यक्ष श्री टुपेन्द्र बहादुर तामाङ्ग
७. वडा नं. ५, वडा अध्यक्ष श्री भिम बहादुर तामाङ्ग
८. वडा नं. ६, वडा अध्यक्ष श्री धन बहादुर खड्का
९. वडा नं. ७, वडा अध्यक्ष श्री समीर कार्की
१०. वडा नं. ८, वडा अध्यक्ष श्री केदार कार्की
११. वडा नं. ९, वडा अध्यक्ष श्री चन्द्र बहादुर श्रेष्ठ
१२. नगर कार्यपालिका सदस्य श्री जमुना हायु
१३. नगर कार्यपालिका सदस्य श्री समिता बि.क.
१४. नगर कार्यपालिका सदस्य श्री ज्ञानुदेवी बस्नेत कार्की
१५. नगर कार्यपालिका सदस्य श्री अनिता काफ्ले
१६. नगर कार्यपालिका सदस्य श्री कविता रिसाल
१७. नगर कार्यपालिका सदस्य श्री रुकुम हायु
१८. नगर कार्यपालिका सदस्य श्री सरोज कटुवाल
१९. नगर कार्यपालिका सदस्य श्री जनक राज सुनुवार
२०. प्रमुख प्रशासकीय अधिकृत श्री इश्वर राज दाहाल

आमन्त्रित

**छलफलका विषयहरु :-**

१. शिक्षा समिति सम्वन्धमा ।
२. सडक बोर्डमा सडक योजना छनौट गरी पठाउने सम्वन्धमा ।
३. अदालतलाई लिखित जवाफ पठाउने सम्वन्धमा ।
४. वडा नं. ६ को योजना बांडफांड सम्वन्धमा ।
५. गत आर्थिक बर्षको संचित रकम बांडफांड सम्वन्धमा ।
६. विपद् जोखिम न्यूनीकरणका अन्तर्राष्ट्रिय दिवस मनाउने सम्वन्धमा ।
७. जिल्ला अस्पतालको पूनर्निमार्ण सम्वन्धमा ।
८. नमुना कानून सम्वन्धमा ।
९.मलागिरी विकास केन्द्रको परियोजना माग सम्वन्धमा ।
१०.वडाको योजना बांडफांड सम्वन्धमा ।
११. स्वास्थ्य चौकीहरुको प्रमुख तोक्ने सम्वन्धमा ।

**निर्णयहरु :-**

१. रामेछाप नगरपालिकाको शिक्षा ऐन,२०७५ को दफा १७ बमोजिम देहाय अनुसार नगर शिक्षा समिति गठन गरी सोही ऐनले तोके बमोजिम समितिले आफ्नो काम शुरु गर्ने निर्णय गरीयो :

| | |
|---|---|
| क. नगर प्रमुख श्री नर बहादुर थापा मगर | संयोजक |
| ख. नगर कार्यपालिका सदस्य श्री समिता बि.क. | सदस्य |
| ग. नगर कार्यपालिका सदस्य श्री अनिता काफ्ले | सदस्य |
| घ. सामुदायिक बिद्यालयका प्र.अ. श्री ...... | सदस्य |
| ङ. संस्थागत बिद्यालय प्रतिनिधि श्री........................ | सदस्य |
| च. श्री रोशन पाखीन रा.न.पा.६ | सदस्य |
| छ. श्री अपना कुमारी श्रेष्ठ रा.न.पा.८ | सदस्य |
| ज. ........................................ | सदस्य |
| झ. श्री मा.वि.भंगेरी श्री नरेश वाबु श्रेष्ठ | सदस्य |
| ञ. शिक्षा अधिकृत,रामेछाप नगरपालिका | सदस्य-सचिव |

२.स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग, अनुगमन,बातावरण तथा प्रविधि विकास शाखाको प.सं. ०७५/७६ च.नं. २ मिति २०७५/४/१३ को पत्रबाट मर्मत संभार गर्नु पर्ने सडकको विवरण उपलब्ध गराई दिन लेखी आए बमोजिम तपसील अनुसार सडक छनौट गरी पठाउने निर्णय गरीयो ।

...साद दाहाल

**तपसील**

| सि.नं. | जिल्ला | नगरपालिकाको नाम | सडकको नाम | सडकको प्रकार | | |
|---|---|---|---|---|---|---|
| | | | | कालोपत्रे (कि.मी.) | ग्राभेल (कि.मी.) | कच्ची(कि.मी.) |
| १ | रामेछाप | रामेछाप | वेलडाँडाँ भीरकोट धारापानी | - | - | ५ कि.मी. |

३ श्री सर्वोच्च अदालतमा नेपाल कर्मचारी युनियनको तर्फवाट अ.प्रा.कमलप्रसाद खतिवडा समेत निवेदक भएको र रामेछाप नगरकार्यपालिका, रामेछाप नगरपालिकाको कार्यालय, साविक रामेछाप नगरपालिका, रामेछाप समेतलाई विपक्षी/प्रत्यर्थी वनाई दायर भएको उत्प्रेषण (०७४-WO-०३१२) मुद्दाको यस रामेछाप नगरकार्यपालिकाको तर्फवाट लिखित जवाफ पेश गर्न तथा मुद्दाको पुर्पक्ष, वहस पैरवी समेत गर्नका लागि यस नगरपालिकाका कानुनी सल्लाहकार अधिवक्ता श्री लोकहरि दाहाललाई नगरकार्यपालिकाले अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

४. यस नगरपालिकाको गत आर्थिक बर्ष २०७४/७५मा संचित कोषमा रहेको देहाय बमोजिमको **बित्तीय समानीकरण बांकी** रु. ५१८५७०१९।३३ को विबरण पेश भयो ।

| सि.नं. | खर्च र बांकी | संचित रकम रु. |
|---|---|---|
| १ | वडा नं. २ कार्यालय भवन | १२२९६०७। |
| २ | विर्ता लिफ्ट खानेपानी | २१४९६७९। |
| ३ | वडा नं. १ कार्यालय भवन | १२०००००। |
| ४ | भालुखोप भ्यू टावर | १००००००००। |
| | जम्मा खर्च हुने | १४५७९२८६। |
| | बांकी बित्तीय समानीकरण | ३७२७७७३३।३३ |

पेश भएको बांकी बित्तीय समानीकरण शीर्षक रु. ३७२७७७३३।३३बाट हाल निम्न अनुसार निम्न शीर्षकमा खर्च गर्नका लागि विनियोजन गरियो :

| सि.नं. | योजनाको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | सडक बोर्ड म्याचिङ्ग फण्ड | १३,००,०००। | |
| २ | मर्मत संभार कोष | ५०००००००। | |
| ३ | जिल्ला स्वास्थ्य कार्यालय रामेछापको ९ | १३४२०००। | |

| | | | |
|---|---|---|---|
| | वटा क्षतिग्रस्त भवनहरु भत्काउन | | |
| ४ | ज़िल्ला स्वास्थ्य कार्यालय रामेछापको ९ वटा क्षतिग्रस्त भवनहरु भत्काई अस्थायी टहराहरु निर्माण गर्न | लागत अनुमान अनुसार | |
| ५ | जिल्ला स्वास्थ्य कार्यालय रामेछापको ९ वटा क्षतिग्रस्त भवनहरु भत्काए पछि सामानहरु सुरक्षित राख्न र कार्यालय एवं आवासको रुपमा कर्मचारीहरुले प्रयोग गर्ने निजीघरहरु भाडामा लिनको लागि | लागत अनुमान अनुसार | |

५. जिल्ला स्वास्थ्य कार्यालय रामेछापको पत्रानुसार जिल्ला अस्पतालको पूनर्निमार्णका लागि हालको ९ वटा क्षतिग्रस्त भवनहरु भत्काउने कामका लागि बोलपत्र आह्वान भै मूल्यांकन हुन बांकी रहेको । भवनहरु भत्काई सकेपछि हालको भवनमा भएका सामानहरु सुरक्षित राख्न र भवनलाई कार्यालय एवं आवासको रुपमा कर्मचारीहरुले प्रयोग गर्दै आईरहेको सन्दर्भमा केही अस्थायी टहराहरु निर्माण गर्न एवं अस्पताल नजीकका घरहरु भाडामा लिनु पर्ने देखिएको हुंद लागत अनुमान बमोजिम टहराहरु निर्माण गर्न एवं आवश्यकतानुसार निजीघरहरु भाडामा लिने निर्णय गरीयो ।

६. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, वातावरण तथा विपद् व्यवस्थापन शाखाको प.सं. ०७५/७६ च.नं. १००, मिति २०७५/६/१० को पत्र अनुसार विपद् जोखिम न्यूनीकरणका लागि अन्तर्राष्ट्रिय दिवस(IDDR,2018) यही २०७५ साल असोज २७ गते तदनुसार १३ अक्टोवर,२०१८ मा वडा स्तरमा क्रियाशील संघ संस्थाको समन्वयमा मनाउने निर्णय गरीयो ।

७. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, संघीय मामिला शाखाको प.सं. ०७५/७६ च.नं. ४२ मिति २०७५/६/१४ को पत्रबाट नगरसभाबाट पारित कानूनको विबरण र मन्त्रालयले उपलब्ध गराउनु पर्ने नमुना कानूनको विबरण माग भएकोमा नगरसभाबाट पारित कानूनको विबरण मन्त्रालयमा पठाई सकिएको, अवको लागि कानूनी सल्लाहकारबाट पेश भए बमोजिम देहाय बमोजिमको नमुना कानून आवश्यक भएको विबरण भरी पठाउने निर्णय गरीयो :

इश्वर राज दाहाल
प्रमुख प्रशासकीय अधिकृत

बहादुर थापा
नगर प्रमुख

| क्र.सं. | यस नगरपालिकालाई आवश्यक रहेको नमुना कानुनहरु | | | | | |
|---|---|---|---|---|---|---|
| | ऐन | नियम | निर्देशिका | कार्यविधि | मापदण्ड | कैफियत |
| १ | स्थानीय संघसंस्था दर्ता ऐन | सहकारी नियमावली | | स्थानीय संघसंस्था दर्ता | | कृषि नीति |
| २ | पूर्वाधार विकास सम्बन्धी ऐन | शिक्षा नियमावली | | भवन निर्माण कार्यविधि | | शिक्षा निती |
| ३ | | फोहोरमैला व्यवस्थापन .नियमावली | | उपभोक्ता समिति गठन, संचालन तथा व्यवस्थापन कार्यविधि | | पर्यटन प्रवर्द्धन तथा वातावरण संरक्षण नीति |
| ४ | | स्वास्थ्य तथा सरसफाई सेवा नियमावली | | संस्थागत विद्यालय छात्रवृत्ति वितरण कार्यविधि | | औद्योगीक नीति |
| ५ | | पशु पंक्षी विकास नियमावली | | नगर कार्यपालिका समिति उपसमिति गठन सम्वन्धी कार्यविधी, | | पूर्वाधार विकास नीति |
| | | | | कृषि ब्यवसाय प्रवर्द्धन कार्यविधि | | जलवायु अनुकुलन नीति |
| | | | | शिक्षा ब्यवस्थापन कार्यविधि | | सिचाँइ ,सुख्खा न्युनिकरण नीति |
| | | | | पूर्वाधार विकास सम्बन्धी कार्यविधि | | एकिकृत वस्ती तथा आधुनिक वसोवास नीति |
| | | | | | | मानव शंसाधन विकास नीति ( जनजप्रतिनिधि तथा कर्मचारी क्षमता विकास) |

८. मलागिरी विकास केन्द्रले यस नगरपालिकाको वडा नं.८ मा मलागिरी शान्ति योगाश्रम निर्माणका लागि भारत सरकारको सहायतामा संचालित साना विकास परियोजनाबाट माग गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत अर्थ मन्त्रालयमा परियोजना प्रस्तावको लागि सिफारिस गरि दिन मिति २०७५/६/१८ मा यस नगरपालिकामा निवेदन गरे अनुसार केन्द्रको माग बमोजिम नै तत् तत् निकायमा नेपाल सरकार अर्थ मन्त्रालय अन्तर्राष्ट्रिय आर्थिक सहायता

समन्वय महाशाखाको प.सं. अ.आ.स.स.म/०७४/७५ च.न. २९८८ मिति २०७५/३/३१ को पत्र अनुसार केन्द्रको अवधारणा पत्र सहित सिफारिस गरी पठाउने निर्णय गरियो ।

९. वडा बजेट बांडफांड सम्बन्धमा : नगर सभाबाट शीर्षक तोकि एकमुष्ठ छुट्याईएको रकमबाट वडाहरुले योजना र रकम बांडफांड गरी बजेट तथा कार्यक्रम नगरपालिकामा पेश गरेकोमा प्रमुख प्रशासकीय अधिकृतले नियमानुसार माग भएकोमा निजले नै स्वीकृत गर्ने अख्तियारी प्रदान गर्ने र सच्याउन वा संशोधन गर्नु पर्नेमा पुनः वडाहरुमा पठाउने । स्वीकृत भएका कार्यक्रम तथा बजेटको विबरण कार्यपालिकामा पेश गर्नु पर्ने निर्णय गरियो ।

१०. यस नगरपालिका अन्तर्गत कार्यरत स्वास्थ्य तर्फका अधिकृतस्तर छैठौं तहका जनस्वास्थ्य निरीक्षक तथा सि.अ.हे.व. अधिकृतहरुले यस नगरपालिका अन्तर्गतका स्वास्थ्य चौकी प्रमुखमा तहगत ज्येष्ठतालाई वरिष्ठताको मान्यता दिइ स्वास्थ्य संस्थाको प्रमुख दिनुपर्ने भनी माग भएको सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ बमोजिम एवं् प्रचलित ऐन, नियम र अभ्यास समेतलाई आधार मान्दा तहगत दर्जा र पदसोपानको पद्धती समेतलाई बिचार गरी यस नगरपालिका भित्रका स्वास्थ्य चौकीहरुमा अर्को व्यवस्था नभएसम्म जेष्ठताका आधारमा स्वास्थ्य चौकीहरुको प्रमुख तोकी कामकाज गराउने निर्णय गरियो ।

११. जिल्ला प्रशासन कार्यालय रामेछापको प.स.०७५।०७६ च.न.८७६ मिति २०७५।०६।१२ को पत्रानुसार भाँडा दर सुझाव सम्वन्धमा देहाय बमोजिम समिति गठन गर्ने निर्णय गरियो ।

- संयोजक : श्री निर बहादुर श्रेष्ठ वडा अध्यक्ष वडा नं.२
- सदस्य : श्री धन बहादुर खड्का वडा अध्यक्ष वडा नं.६
- सदस्य : श्री केदार कार्की वडा अध्यक्ष वडा नं.८

यस समितिले ३ दिन भित्र प्रतिवेदन पेश गर्ने ।

ईश्वर राज दाहाल
प्रमुख प्रशासकीय अधिकृत

... बहादुर थापा मगर
नगर प्रमुख